# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, साउन १० गते २०३३ साल [अतिरिक्ताङ्क ११

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. ३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## न्याय प्रशासन सुधार ऐनलाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**: न्याय प्रशासन सुधार ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "न्याय प्रशासन सुधार (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ।

(२) दफा ४, २०३२ साल भाद्र २५ गतेदेखि प्रारम्भ भएको मानिने छ र दफाहरू तुरून्त प्रारम्भ हुनेछ।

२. **न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १३ मा संशोधनः** न्याय प्रशासन सुधार ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा १३ को,–

(१) उप–दफा (१) पछि देहायको उप–दफा (१क) थपिएको छः–

"(१क) एकै लगाउका मुद्दाहरूमध्ये उप–दफा (१) बमोजिम कुनै मुद्दाको पुनरावेदन अञ्चल अदालतमा र कुनै मुद्दाको पुनरावेदन क्षेत्रीय अदालतमा लाग्ने भएमा त्यस्ता सबै मुद्दाहरूको पुनरावेदन क्षेत्रीय अदालतमा लाग्नेछ।"

(२) उप–दफा (३) को सट्टा देहायको उप–दफा (३) राखिएको छः–

"(३) उप–दफा (१) को खण्ड (क) अन्तर्गत वा अन्य प्रचलित नेपाल कानून-बमोजिम अञ्चल अदालतले पुनरावेदन हेरी गरेको फैसला वा अन्तिम आदेशउपर देहायको कुनै प्रश्नमा प्रत्यक्षतः विवादरहित त्रुटि भई अञ्चल अदालतको निर्णय पूर्ण वा आंशिक रूपमा उल्टिने देखेमा क्षेत्रीय अदालतले आफूसमक्ष पुनरावेदन गर्न अनुमति दिन सक्नेछः–

(क) अधिकार क्षेत्रको प्रश्न,

(ख) कानूनको व्याख्यासम्बन्धी प्रश्न,

(ग) बुझ्नु पर्ने प्रमाण नबुझेको वा बुझ्न नहुने प्रमाण बुझेको वा जाना–जान प्रत्यक्ष वा खास प्रमाण छाडी इन्साफ तलमाथि गरेको भन्ने प्रश्न, वा

(घ) वाध्यात्मक रूपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रश्न।"

३. **मूल ऐनको दफा १५ मा संशोधनः** मूल ऐनको दफा १५ को उप–दफा (१) को खण्ड (ख) को सट्टा देहाएको खण्ड (ख) राखिएको छः–

"(ख) तल्लो अदालतको निर्णय ठहर सदर, उल्टी वा केही उल्टी गर्ने र तल्लो अदालतले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने, र"

722 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ को उप–दफा (१) को सट्टा देहायको उप–दफा (१) राखिएको छः–

"(१) मुख्य न्यायाधीशको मासिक पारिश्रमिक एक हजार नौ सय पचपन्न रूपैयाँ र अन्य क्षेत्रीय न्यायाधीशको मासिक पारिश्रमिक एक हजार सात सय पच्चीस रूपैयाँ हुनेछ।"

५. मूल ऐनको दफा २४ मा संशोधनः मूल ऐनको दफा २४ को उप–दफा (२) पछि देहायको उप–दफा (३) र (४) थपिएका छन्ः–

"(३) उप–दफा (२) बमोजिम स्रेस्तादारले गरेको थुनछेकको आदेश–उपर न्यायाधीशले आफू अदालतमा उपस्थित भएपछि यथाशीघ्र पुनर्विचार गरी त्यस्तो आदेश कानूनबमोजिम भएको नदेखिएमा कानूनबमोजिम गर्नु गराउनु पर्नेछ।

(४) जिल्ला न्यायाधीश वा निजको अनुपस्थितिमा जिल्ला अदालतको स्रेस्तादारले गरेको थुनछेक समेत मुद्दाको कारवाईमा अञ्चल अदालतमा परेको उजूरीमा सो अदालतको न्यायाधीशले मात्र कारवाई किनारा गर्न पाउने छ।"

६. मुद्दाहरू सर्नेः न्याय प्रशासन सुधार (पहिलो संशोधन) अध्यादेश, २०३२ प्रारम्भ हुँदा जिल्ला अदालतको अन्तिम निर्णयउपर अञ्चल अदालतमा पुनरावेदन परी छिन्न बाँकी रहेका मुद्दाहरूमध्ये मूल ऐनको दफा १३ को उप–दफा (१क) बमोजिम क्षेत्रीय अदालतमा पुनरावेदन लाग्ने मुद्दाहरू सम्बन्धित क्षेत्रीय अदालतमा सर्नेछन्।

७. मूल ऐनको अनुसूची ४ मा संशोधनः मूल ऐनको अनुसूची ४ को क्रमसंख्या २ को सट्टा देहायको क्रमसंख्या २ राखिएको छः–

२. हुलाक ऐन, २०१९ दफा २३

८. मूल ऐनको अनुसूची ५ मा संशोधनः मूल ऐनको अनुसूची ५ को सट्टा यसैसाथ संलग्न अनुसूची ५ राखिएको छ।

९. न्याय प्रशासन सुधार (पहिलो संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यसको परिणामः न्याय प्रशासन सुधार (पहिलो संशोधन) अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएसम्म सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघिनै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उ अध्यादेश कायम रहेसरह त्यस्ता कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू गर्न सकिनेछ।

मुद्रण विभाग, सिंहदरबार

428

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–५

(दफा ३१ को उप–दफा (२) संग सम्बन्धित)

| क्र. सं. | ऐनको संक्षिप्त नाम | संशोधन |
|---|---|---|
| १. | आवश्यक वस्तु संरक्षण ऐन, २०१२ | दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः– ६. मुद्दा हेर्ने अधिकार र पुनरावेदनः– यो ऐन अन्तरगतको मुद्दा अञ्चलाधीशले हेर्नेछ र त्यस-उपरको पुनरावेदन क्षेत्रीय अदालतमा लाग्नेछ । |
| २. | नागरिक अधिकार ऐन, २०१२ | १. दफा १६ को देहायको खण्ड (१) र (२) को सट्टा देहायको खण्ड (१) र (२) राखिएका छन्ः– (१) वाग्मती अञ्चलको हकमा सर्वोच्च अदालत, (२) अरू अञ्चलको हकमा सम्बन्धित अञ्चल अदालत । २. दफा १७ को उप–दफा (२) मा रहेको "पुनरावेदन सुन्ने अधिकार भएको अदालतमा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित अञ्चल अदालतमा" भन्ने शब्दहरू राखिएका छन् । |
| ३. | विकास समिति ऐन, २०१३ | १. दफा ६ को उप–दफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । २. दफा ६ को उप–दफा (४) मा रहेको "सर्वोच्च अदालत" र "प्रधानन्यायाधीश" भन्ने शब्दहरूको सट्टा क्रमशः "क्षेत्रीय अदालत" र "सो अदालतका मुख्य न्यायाधीश" भन्ने शब्दहरू राखिएका छन् । |
| ४. | नेपाल निजामती सेवा ऐन, २०१३ | दफा ६ को उप–दफा (१) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ५. निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ | दफा ६ को उप–दफा (२) मा रहेको "आय र कर अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन्। |
| ६. रेडियो ऐन, २०१४ | दफा ९ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| ७. तथ्यांक ऐन, २०१५ | दफा १० को उप–दफा (३) को सट्टा देहायको उप–दफा (३) राखिएको छः–<br>(३) उप–दफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारी वा महा–निर्देशकले गरेको निर्णयउपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ । |
| ८. नेपाल औद्योगिक विकास कर्पोरेशन ऐन, २०१६ | दफा २३ को उप–दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| ९. विर्ता उन्मूलन ऐन, २०१६ | १. दफा २ को उप–दफा (२) को अन्तिम वाक्यमा रहेको "आय र कर अदालतमा" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालतमा" भन्ने शब्दहरू राखिएका छन् ।<br>२. दफा ११ को उप–दफा (२) को सट्टा देहायको उप–दफा (२) राखिएको छः–<br>(२) कुनै जग्गा उप–दफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमको जग्गा हो होइन भन्ने मुद्दा तोकिएको अदालतले हेर्नेछ र सोउपर क्षेत्रीय अदालतमा पुनरावेदन लाग्नेछ । |
| १०. कोर्ट फी ऐन, २०१७ | दफा २३ को खण्ड (ग) मा रहेको "उच्च अदालतका" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालतका" भन्ने शब्दहरू राखिएका छन् । |
| ११. भ्रष्टाचार निवारण ऐन, २०१७ | दफा २८ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| १२. सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ | दफा ९ पछि देहायको दफा ९क. थपिएको छः– |
| | <u>९क. सरकारी मुद्दा वापस लिने वा मिलापत्र गर्नेः</u>– प्रचलित नेपाल कानूनबमोजिम श्री ५ को सरकार वादी भई हेरिने वा श्री ५ को सरकारको तर्फबाट चलाइएको वा श्री ५ को सरकारउपर परेको मुद्दा मामिलामा श्री ५ को सरकारको आदेश भएमा सरकारी वकीलले अरू पक्षको सहमतिले त्यस्तो मुद्दा मामिलामा मिलापत्र गर्ने वा अदालतको मन्जूरीले त्यस्तो मुद्दा मामिलामध्ये श्री ५ को सरकार वादी भएको फौजदारी मुद्दा मामिला वापस लिन हुन्छ र सो भएमा देहायका कुरामा देहायबमोजिम हुनेछः– |
| | (क) मुद्दा मामिला मिलापत्र गरेकोमा कसैलाई बक्सौनी लाग्ने छैन । |
| | (ख) मुद्दा मामिला वापस लिएकोमा फौजदारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फुर्सत पाउँछ । तर, कुनै गैर सरकारी व्यक्तिको सम्पत्ति–सम्बन्धी कुरामा असर पार्ने रहेछ भने त्यस्तो मुद्दा मामिला यस दफाबमोजिम अदालतबाट वापस लिन दिन हुँदैन । |
| १३. जासूसी ऐन, २०१८ | दफा १० मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| १४. राजकाज (अपराध र सजाय) ऐन, २०१९ | दफा १० को उप–दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| १५. नगर पञ्चायत ऐन, २०१९ | दफा ५३ को उप–दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| १६. छापाखाना र प्रकाशन रजिष्ट्रेशन ऐन, २०१९ | दफा २० मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| १७. हातहतियार खरखजाना ऐन, २०१९ | दफा २४ को उप–दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| १८. हुलाक ऐन, २०१९ | दफा २२ को उप–दफा (३) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| १९. संघ संस्था (नियन्त्रण गर्ने) ऐन, २०१९ | दफा ४ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| २०. रेलवे ऐन, २०२० | दफा १७ मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् |
| २१. साझेदारी ऐन, २०२० | दफा ४० मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| २२. नेपाल नागरिकता ऐन, २०२० | दफा १० को उप–दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| २३. छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ | दफा ६ को उप–दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| २४. कम्पनी ऐन, २०२१ | दफा १४६ को उप–दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| २५. नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ | दफा २९ को उप–दफा (३) मा रहेको "सर्वोच्चअदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| २६. संस्थान ऐन, २०२१ | दफा १५ को उप–दफा (३) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| २७. उखडासम्बन्धी ऐन, २०२१ | दफा ८ को उप–दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| २८. राप्तीदून विकास क्षेत्रको जमीनको (बिक्री वितरण) व्यवस्था ऐन, २०२४ | दफा ६ र दफा १३ को उप–दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| २९. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ | दफा १२ को उप–दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| ३०. नेपाल अधिराज्यको व्यापारिक पानी जहाजको झण्डासम्बन्धी ऐन, २०२७ | दफा १० को उप–दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| ३१. नेपाली पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ | दफा १८ को उप–दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| ३२. पानी जहाज दर्ता ऐन, २०२७ | दफा २६ को उप–दफा (४) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| ३३. संचार संस्थान ऐन, २०२८ | दफा ३४ को उप–दफा (२) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| ३४. स्थानीय प्रशासन ऐन, २०२८ | दफा ८ को उप–दफा (५) मा रहेको "आय र कर अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |
| ३५. औद्योगिक व्यवसाय ऐन, २०३० | १. दफा १८ को उप–दफा (२) को देहाय (क) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "सर्वोच्च अदालत वा क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् ।<br>२. दफा १८ को उप–दफा (६) मा रहेको "सर्वोच्च अदालत" भन्ने शब्दहरूको सट्टा "क्षेत्रीय अदालत" भन्ने शब्दहरू राखिएका छन् । |

लालमोहर सदर मिति:– २०३३।४।१०।१

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।